# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, पुस १ गते २०४८ साल (संख्या ३५

## भाग ३

### श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भूमिसम्बन्धि नियमहरू, २०२१ को नियम ४१ ले दिएको अधिकार प्रयोग गरी देहायको जिल्लाहरूमा भूमिसम्बन्धि ऐन, २०२१ अनुसार भूमिसुधार शाखा कार्यालयहरूले गरी आएको काम सम्बन्धित जिल्लाको माल तथा मालपोत कार्यालयहरूले गर्न पाउने गरी तोकिएको छ।

१. जुम्ला २. पर्वत ३. रोल्पा ४. तेह्रथुम ५. संखुवासभा ६. ताप्लेजुङ ७. स्याङजा ८. म्याग्दी ९. रुकुम १०. सल्यान ११. दैलेख १२. कालीकोट १३. डोल्पा १४. बझाङ १५. बाजुरा १६. डडेल्धुरा १७. दार्चुला १८. धनकुटा १९. इलाम २०. भोजपुर २१. बाग्लुङ २२. गुल्मी २३. अर्घाखाँची २४. डोटी २५. अछाम २६. बैतडी २७. पाँचथर २८. खोटाङ

### सूचना २

श्री ५ को सरकारले भूमिसम्बन्धि नियमहरू, २०२१ को नियम ४१ ले दिएको अधिकार प्रयोग गरी देहायको जिल्लाहरूमा भूमिसम्बन्धि ऐन, २०२१ अनुसारको काम कारवाही गर्न जिल्ला प्रशासन कार्यालय तोकिएकोमा सो को सट्टा सम्बन्धित जिल्लाको माल तथा मालपोत कार्यालयहरूले गर्न पाउने गरी तोकिएको छ।

१. हुम्ला २. मुगु ३. मनाङ ४. मुस्ताङ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले भूमिसम्बन्धी नियम, २०२१ को नियम ४१ ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरूमा भूमिसम्बन्धि ऐन, २०२१ को प्रयोजनको लागि सम्बन्धित जिल्लाको मालपोत अधिकृतहरूलाई भूमिसुधार अधिकारीको काम, कर्तव्य र अधिकार प्रयोग गर्न पाउने गरी तोकिएको छ।

१. ओखलढुङ्गा २. धनकुटा ३. बाजुरा ४. इलाम ५. भोजपुर ६. जुम्ला ७. पर्वत ८. डोल्पा ९. बाग्लुङ १०. गुल्मी ११. अर्घाखाँची १२. डोटी १३. अछाम १४. बैतडी १५. पाँचथर १६. खोटाङ १७. हुम्ला १८. मुगु १९. मनाङ २०. लमजुङ २१. मुस्ताङ ।

आज्ञाले,
विश्वमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२५६